बिर्तामोड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा

१ नं प्रदेश, नेपाल ।

☎०२३ - ५३०२४४


प.सं. : २०७८/०७९

च.नं. :

## बोलपत्र आव्हान सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित सूचना मिति २०८०/०७/१६

बिर्तामोड नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार तपशिल विवरण अनुसारको कक्षा बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थीहरुलाई विद्यालय पोशाकको व्यवस्था गर्ने कार्यक्रम रहेकोले इच्छुक फर्म/कम्पनीले तपशिल उल्लेखित दस्तुर तिरी बोलपत्र खरिद गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| ठेक्का नं | सामग्री (सेट) सिलाई सहित | कपडाको स्पेफिकेशन | विद्यार्थी संख्या | फारम शुल्क | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| BTMMUN/GOODS/NCB-03/080/81 | सर्ट<br>पाइन्ट / फ्रक | नेपाल गुणस्तर चिन्ह प्राप्त कम्पनिको कटनको कपडा ( रङ्ग नजाने र भुवा नआउने ) | ३८८२<br>३८८२ | ३०००/- | ८३,०००/- | प्रति सेट VAT सहित अधिकतम रु ८५० नबढ्ने गरी |

शर्तहरु

१) ईच्छुक बोलपत्रदाताले फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नविकरण, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ.व. २०७९/०८० को कर चुक्ता वा समय थपको प्रमाण पेश गरी बोलपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) बोलपत्र ३० औं दिन (२०८० मंसिर १५) को कार्यालय समयभित्र बिर्तामोड नगरपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखाबाट खरिद गरिसक्नुपर्नेछ र ३१ औं दिन ( शनिवार १६ गते विदा परेकोले २०८० मंसिर १७) को १२ बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । दाखिला भएका बोलपत्रहरु ३१ औं दिन (शनिवार १६ गते विदा परेकोले २०८० मंसिर १७) को २:०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोजपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) बोलपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएमा केरमेट भएको ठाउंमा बोलपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ ।

४) बोलपत्र फारम खरिद वापतको रकम रु ३०००/-(अक्षरुपी रु तिन हजार मात्र) यस कार्यलयको एन आइ सि एसिया वैंक शाखा विर्तावजारको हि.नं.- **२४६२०५००२८३५४००२** मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको नगदी रसीद सक्कलै पेश गर्नुपर्ने छ ।

४) बोलपत्र जमानत रकम रु ८४,०००/- (अक्षरुपी रु चौरासी हजार मात्र) कार्यालयको एनआइ सि एसिया वैंक शाखा विर्तावजारको हि.नं.-**२४६CA५००१८८७०००५** मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको जमानत वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बीस) दिन म्याद भएको विडवण्ड बोलपत्रसाथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र बोलपत्रदाताबिच कुनै विवाद उत्पन्न भएमा बिर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

६) बोलपत्रदाताहरुले नगरपालिकालाई वुझाउनु पर्ने वाँकी कर, वक्यौता रकम भएमा त्यस्ता व्यक्ति वा फर्महरुले बांकी कर, वक्यौता रकम नवुझाएसम्म निजले वोलपत्र खरिद गर्न पाउने छैनन ।

७) वोलपत्रदाताले नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी ठेक्काको ठेक्का नं समेत उल्लेख गरी वोलपत्रपत्र पेश गर्नु पर्नेछ ।

८) वोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुल्ने दिन हुनेछ ।

९) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१०) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२) यस सम्वन्धमा थप कुराहरु वुझ्न परेमा कार्यालय समयभित्र बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१३) ठेक्का सम्वन्धी अन्य शर्त तथा विस्तृत विवरण बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नुपर्नेछ ।

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



CamScanner